यी दुई चीजहरू मेरो उम्मतका पुरुषहरूका लागि हराम छन् र महिलाहरुको लागी हलाल ।

अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो दाहिने हातमा रेशम र देब्रे हातमा सुन लिनुभयो अनि त्यसपछि त्यसलाई माथि उठाएर भन्नुभयो: "यी दुई चीजहरू मेरो उम्मतका पुरुषहरूका लागि हराम छन् र महिलाहरुको लागी हलाल ।"
[सही]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो देब्रे हातमा रेशमको लुगा वा यसको टुक्रा र आफ्नो दाहिने हातमा सुनको गहना वा यस्तै केही लिनुभयो र त्यसपछि भन्नुभयो: वास्तवमा, रेशम र सुन पुरुषहरूलाई लगाउन निषेध गरिएको छ, तर महिलाहरूको लागि अनुमति छ ।

https://sunnah.global/hadeeth/ne/show/4292